**मिति २०७९ असार ७ गते (वि.सं. २०७९।३।७) मंगलबार तुलसीपुर उपमहानगरपालिका प्रथम नगरसभाको प्रथम बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम आजको नगरसभा बैठकमा प्रस्तुत गरियो । साथै प्रस्तुत नीति तथा कार्यक्रम उपर केहि संशोधन प्रस्ताव भए मिति २०७९।३।९ गते दिनको ३.०० बजे सम्म लिखित रुपमा बैठक व्यवस्थापन शाखामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिकाको मिति २०७९।२।२६ गते बसेको नगरकार्यपालिंकाको बैठक बाट गठित बिषयगत समिति लाई अनमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाकाको मिति २०७९।३।६ गते बसेको नगरकार्यपालिकाको निर्णय नं. ५ को चालु आ.ब. २०७९/८० को तपसिल बमोजिमको रकमान्तर तथा शिर्षकान्तर अनमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

आजको बैठकमा नगरसभा सदस्य ज्यूहरुबाट प्रस्तुत सुझावहरुलाई क्रमश कार्यान्वयन गर्ने निर्णय गरियो ।

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**मिति २०७९ असार १० गते (वि.सं. २०७९।३।१०) शुक्रबार तुलसीपुर उपमहानगरपालिका ११ औं नगरसभाको दोश्रो बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम आजको नगरसभा बैठकमा प्रस्तुत गरियो ।

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को आर्थिक बियेयक आजको नगरसभा बैठकमा प्रस्तुत गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को बिनियोजन बिधेयक आजको नगरसभा बैठकमा प्रस्तुत गरियो ।

**निर्णय नं. ४**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५५२ मिति २०७९।३।८ गतेको पत्र प्राप्त भई आजको ११औं नगरसभाको दोश्रो बैठकमा सबै नगरसभा सदस्यहरुको जानकारीका लागि प्रस्तुत गरियो । मिति २०७९।३।८ गते भन्दा अघि मिति २०७९।३।७ गते सम्पन्न यस उपमहानगरपालिकाको प्रथम नगरसभा उल्लेख गरिएकोमा सो नगरसभालाई ११औं नगरसभाको प्रथम बैठक र मिति २०७९।२।१२ गते पछि बसेका नगरकार्यपालिका बैठकलाई क्रमश : १३०,१३१ गर्दै कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाको ११औं नगरसभाको तेस्रो बैठक मिति २०७९।३।२६ गते आईतबार दिनको १.०० बजे तुलसीपुर उपमहानगरपालिको नयां भवनको सभाहलमा बस्ने निर्णय गरियो ।

३/१२

टिकाराम खड्का
नगर प्रमुख

मिति २०७९ असार २८ गते (वि.सं.२०७९।३।२८) मंगलबार तुलसीपुर उपमहानगरपालिका ११ औं नगरसभाको तेश्रो बैठकका निर्णयहरु :

निर्णय नं. १

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम सर्बसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को **बिनियोजन बिधेयक,२०७९** सर्बसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

तुलसीपुर उपमहानगरपालिको आर्थिक बर्ष २०७९/०८० को **आर्थिक बिधेयक,२०७९** सर्बसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

तुलसीपुर उपमहानगरपालिकाको भूमि नापजांच सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा अघि बढाउने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ५

तुलसीपुर उपमहानगरपालिकामा **अबिछिन्न रुपमा कार्यरत तपसिल बमोजिमका अस्थायी र करार कर्मचारीहरुको म्याद २०८० असार मसान्त(आ.ब. २०७९।०८० सम्म) थप गरी निजहरुलाई नेपाल सरकारको न्यूनतम मासिक पारिश्रमिक पाउने गरी करार संझौता गर्ने सर्बसम्मत निर्णय गरियो ।**

निर्णय नं. ६

बिश्व महामारीको रुपमा फैलिएको कोभिड १९ र बर्षातको समयमा हुन सक्ने बिपदमा यस उपमहानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु उच्च मनोबलका साथ नगरबासीको सुरक्षार्थ लाग्ने संकल्प प्रस्ताव पारित गर्दै सो कार्यमा सहयोग गर्न सम्पूण उद्योगी,ब्यपारी ,नागरिक समाज,पत्रकार,सुरक्षा निकाय लगाएतलाई अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ७

तुलसीपुर उपमहानगरपालिकाको आ.ब. २०७८/०७९मा तपसिलका बिषयगत समितिहरुबाट प्रस्तुत कार्यप्रगति बिवरण पारित गर्ने निर्णय गरियो ।

१. सार्बजनिक सेवा तथा क्षमता बिकास समिति(सुशासन),२.आर्थिक बिकास समिति , ३.सामाजिक बिकास समिति, ४.पुर्बाधार बिकास समिति, ६.बातावरण तथा बिपद ब्यवस्थापन समिति, ७.बिधेयक समिति, ८.न्यायीक समिति ।

निर्णय नं. ८

तुलसीपुर उपमहानगरपालिकाको नगर सेवा उपभोग शुल्क दस्तुर सम्बन्धी ऐन,२०७९ स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

टिकाराम खड्का
नगर प्रमुख